का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ साउन २०८०,
बिहीबार
10 August 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १९६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रधानमन्त्री अगाडि चीन जाँदै उपराष्ट्रपति

परराष्ट्रमन्त्री एनपी साउदका अनुसार प्रधानमन्त्री प्रचण्डले आगामी सेप्टेम्बर तेस्रो साता (असोजको शुरुवात) उत्तरी छिमेकी चीनको भ्रमण गर्ने छन् । वर्तमान सरकार गठनपछि प्रधानमन्त्री प्रचण्डले भारत भ्रमण गरेका छन् ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

उपराष्ट्रपति रामसहाय प्रसाद यादव अर्को साता चीन भ्रमणमा जाने भएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' अगाडि उपराष्ट्रपति यादव चीन भ्रमणमा जान लागेका हुन् ।

मंलवार बसेको मन्त्रिपरिषदको पछिल्लो बैठकले उपराष्ट्रपति यादवको चीन भ्रमण स्वीकृत गरेको सरकारका प्रवक्तासमेत रहेकी सञ्चारमन्त्री रेखा शर्माले जानकारी दिइन् । ३१ साउनदेखि ३ भदौसम्म चीनको कुन्मिङमा सातौं चाइना साउथ एसिया एक्पोजिसन सहभागी हुन उपराष्ट्रपति यादव त्यसतर्फ जाने उनले बताइन् ।

चीनले प्रत्येक वर्ष आयोजना गर्दै आएको यो एक्स्पोको यसपटक सातौं संस्करण हो, जसको यस वर्षको मुख्य विषय सोलिडारिटी एण्ड कोअपरेशन फर कमन डेभलपमेन्ट' तय गरिएको छ ।

चीनको वाणिज्य मन्त्रालय र युनान प्रोभिन्स सरकारले ३१ साउनदेखि ३ भदौसम्म सो एक्स्पो गर्न लागेका हुन् । सो एक्स्पोसँगै 'कुन्मिङ एक्स्पोर्ट एण्ड इम्पोर्ट फेयर' कार्यक्रम पनि आयोजना हुँदैछ ।

यसअघि सो एक्स्पोमा निवर्तमान उपराष्ट्रपति नन्दबहादुर पुन र त्यसअघिका उपराष्ट्रपति परमानन्द झाले सहभागिता जनाइसकेका छन् ।

परराष्ट्रमन्त्री एनपी साउदका अनुसार प्रधानमन्त्री प्रचण्डले आगामी सेप्टेम्बर तेस्रो साता (असोजको सुरुवात) उत्तरी छिमेकी चीनको भ्रमण गर्ने छन् । वर्तमान सरकार गठनपछि प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण गरेका छन् ।



२९औं विश्व आदिवासी जनजाति दिवसको अवसरमा बुधबार मौलिक भेषभुषामा सजिएकी युवती । तस्बिर : मध्यान्ह

# सरकारसँग सत्तारुढलाई नै भय !

ललिता निवास जग्गा प्रकरण, सुन तस्करी र गौर हत्याकाण्डको विषय अगाडि बढेसँगै सरकार बनाउन निर्णायक शक्ति मानिएका राजनीतिक दलका शीर्ष नेताहरु नै छानबिनको निसानामा परेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

सत्तारुढ दल जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवको राजनीतिक भेटघाट बाक्लिएको छ । कारण- गौर हत्याकाण्डको विषय अगाडि बढाउने सरकारको संकेत । मंगलबार सरकार र गौर हत्याकाण्ड पीडित संघर्ष समितिबीच २७ जनाको ज्यान जाने गरी १७ वर्षअघि भएको हत्याकाण्डको अनुसन्धान गरी दोषीलाई कारबाही गर्ने सहमति भएको छ। दुवै पक्षबीच गौर घटनाको विषयमा तत समयमा दर्ता भएका जाहेरीसमेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणको आधारमा दोषीलाई कानूनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने विषयमा सहमति भएको थियो। लगत्तै जसपा अध्यक्ष यादवको पृष्ठ २ मा







सुन प्रकरण

## प्रहरी प्रमुखमाथि रास्वपाले उठायो प्रश्न

संसदमा बोल्न नपाएकोमा फरक शैलीमा विरोध गर्दै रास्वपाले सुन प्रकरणमा पनि फरक कोणबाट प्रश्न उठाएको हो ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

सुन तस्करी प्रकरणलाई लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रहरी प्रमुखमाथि नै प्रश्न उठाएको छ । सिनामंगलबाट झण्डै सय किलो सुन बरामद भएको सम्बन्धमा अनुसन्धान गर्न सीआईबीलाई ३५ दिन समय दिने उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको प्रस्तावमा शंका नगर्ने बताउँछन् रास्वपाका सभापति रवि लामिछाने । तर अहिले जिम्मेवारीमा भएका मानिसहरुलाई राखेर अनुसन्धान गर्दा प्रभावित हुन सक्ने उनको भनाइ छ ।

'भन्सारको सिंगो सेट, अर्थ सचिवदेखि अर्थ मन्त्रालयको सिंगो सेट, प्रहरी प्रमुखदेखि सिंगो सेटलाई निलम्बन वा अहिले त्यहाँ सहभागी हुन नपाउने व्यवस्था नभइ सीआईबीले बिना प्रभाव यो काम गर्न सक्ला र ?' लामिछानेको प्रश्न छ ।

सुन तस्करीमा पक्राउ परेका दावा छिरिङको केही प्रहरी प्रमुखसँग निरन्तर कुराकानी भएको थाहा भएको भन्दै उनले दावाको मोबाइल फोनको फरेन्सिक ल्याब रिपोर्ट सार्वजनिक गर्नसमेत माग गरे ।

संसदमा बोल्न नपाएकोमा फरक शैलीमा विरोध गर्दै रास्वपाले सुन प्रकरणमा पनि फरक कोणबाट प्रश्न उठाएको हो ।

नेकपा एमालेका सांसदहरुको नाराबाजीका कारण बुधबार पनि संसद अवरुद्ध भएपछि रास्वपा सांसदहरुले संसद भवन परिसरबाटै संसदभित्र जसरी सभामुखलाई सम्बोधन गरेर आफ्नो धारणा राखेका हुन् ।

'संसदभित्र राख्न नपाइएको हुनाले संसद भवनलाई साक्षी राखेर सभामुखलाई आफ्ना कुराहरु राख्न चाहन्छु' रास्वपा सभापति लामिछानेले पत्रकारहरुसँग भने। उनले मंगलबारको संसद बैठकमा पृष्ठ २ मा



भन्सारको सिंगो सेट, अर्थ सचिवदेखि अर्थ मन्त्रालयको सिंगो सेट, प्रहरी प्रमुखदेखि सिंगो सेटलाई निलम्बन वा अहिले त्यहाँ सहभागी हुन नपाउने व्यवस्था नभई सीआईबीले बिना प्रभाव यो काम गर्न सक्ला र ?

**रवि लामिछाने**
सभापति, रास्वपा

## 'छुट्टै छानबिन समिति बनाए प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ'

राष्ट्रिय सभा सदस्य वामदेव गौतमले सुन प्रकरणमा उच्चस्तरीय छानबिन समिति बनाउँदा प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने बताएका छन् ।

गौतमले बुधबारको राष्ट्रिय सभा बैठकमा बोल्दै अहिले सिआइबीले गरिरहेको अनुसन्धानलाई विश्वास



गर्नुपर्ने बताए । उनका अनुसार उच्चस्तरीय पृष्ठ २ मा

# वैदेशिक रोजगार विशेष

## विज्ञापन प्रकाशित गर्नु नपर्ने प्रावधानप्रति श्रम सचिव र महानिर्देशककै असन्तुष्टि

# कसले कसको स्वार्थमा घुसायो यो प्रावधान ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ साउन

श्रम, रोजगार तथा सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार तथा आन्तरिक रोजगारका क्षेत्रमा सुधारका धेरै प्रयासहरु अघि बढाएको बताएको छ । घरेलु कामदारको श्रम स्वीकृतिको गृहकार्य, संख्या सय समस्याको स्थायी समाधानका लागि वैदेशिक रोजगार ऐन संशोधनको प्रकृया, ठगी नियन्त्रणलगायतका लागि अधिकार प्रत्यायोजन, सीप विकास तथा पूर्वप्रस्थान तालिमलगायतका विषयमा काम भएको मन्त्रालयको भनाइ छ ।

बुधबार मन्त्रालयमा आयोजित सञ्चारकर्मीहरुसँगको अन्तरक्रियामा



मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित बनाउन मन्त्रालय केन्द्रित रहे पनि ठगीका घटनामा व्यापक मात्रामा वृद्धि भएका कारण सुधारका काम भने छायामा परेकोजस्तो देखिएको टिप्पणी गरे । उनले जनशक्तिको न्यूनता र कार्यक्षेत्र नभएका कारण शैक्षिक कन्सल्ट्यान्सीहरुमार्फत भएका ठगीका घटनाहरुलाई नियन्त्रण गर्न नसकेको बताए । कार्यक्रममा मन्त्रालयका पृष्ठ २ मा

### दुई म्यानपावरको लाइसेन्स खारेज

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागले दुई वटा म्यानपावर व्यवसायीको इजाजत पत्र (लाइसेन्स) खारेज गरेको छ । विभागले वैदेशिक रोजगारका क्रममा पीडितहरुलाई क्षतिपूर्ति नदिएको भन्दै वैदेशिक रोजगार ऐन २०६४ को दफा ५१ अन्तर्गत ती म्यानपावर कम्पनीहरुको लाइसेन्स खारेज गरेको बताएको छ ।

विभागले डि स्क्वायर्ड ग्रुप प्रा.लि. (१५०५/०७४/७५) र डिलक्स एचआर सोलुसन प्रा.लि. (९५६/०६७/६८) को इजाजतपत्र रद्द गरिएको जनाएको छ । विभागका महानिर्देशक मदन दहालले दुवै म्यानपावर कम्पनीले करोडौं रुपैयाँ क्षतिपूर्तिसमेत नदिएको पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**

A required, pioneer & market leader in the field of Manpower Recruiting Business.

We are looking for the following positions:

**Public Relation Officer (PRO) -2(Male)**
**Accountant -1 (Female)**
**Documentation Officer -1(Female)**

**Salary Negotiable**


*Note: All Categories need to have a minimum 2 years work experience in the related field with minimum Bachelor Degree.*

**DIVINE POWER H.R. SOLUTION PVT. LTD.**
Dhumbarahi, Kathmandu, Nepal
Tel.: +977-01-5913923, 5913924
E-mail: divinehrnepal@gmail.com
Website: www.divinehrnepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# मन्त्रिपरिषदद्वारा राष्ट्रिय साइबर सुरक्षा नीति स्वीकृत




**काठमाडौं/मस–** सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गरेको छ । मन्त्रिपरिषदको यही साउन २३ गतेको बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् ।

मन्त्रिपरिषदको बैठकको निर्णय सार्वजनिक गर्न आज सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री शर्माले उक्त जानकारी दिएकी हुन् । बैठकले मन्त्रिपरिषद आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको सिंहदरबारको संशोधित गुरुयोजना स्वीकृत गर्ने निर्णय गरेको छ ।

त्यस्तै मन्त्रिपरिषदबाट आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको बैंकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० संघीय संसदमा पेस गर्न स्वीकृति दिने निर्णय भएको छ । रु.पाँच दरका १५ करोड थान सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने पनि बैठकले गरेको छ ।

मन्त्रिपरिषद बैठकले कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मालाई स्वीट्जरल्याण्डको जुरिचमा २०८० भदौ १५ देखि १६ गतेसम्म आयोजना हुने 'कोअपरेशन इन फाइनान्सिङ, सोल ह्युमनिट्रेसन पिपिपी एन्ड ग्रिन प्रोग्राम' लगानी सहकार्य विषयक कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

त्यसैगरी थाइल्याण्डको बैंककमा आगामी २०८० भदौ ५ र ६ गते आयोजना हुने 'हाइ लेभल युरो एशिया रिजनल रिभ्यु अफ दि भियाना प्रोग्राम अफ एक्सन अफ दि एलएलडिसीस' मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललाई स्वीकृति दिइएको छ ।

भदौ १९ र २० मा स्वीडेनमा आयोजना हुने 'इन्गोजिङ इन्डिजिनस पिपुल इन इलेक्सन' कार्यक्रममा सहभागी हुन प्रमख निर्वाचन आयुक्तलाई स्वीकृति दिने निर्णय गरेको सरकारले मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको कुनमिङग सहरमा यही साउन ३१ देखि भदौ ३ गतेसम्म आयोजना हुने सातौं 'चाइना साउथ एशिया एक्सपोजिन चाइना इम्पोर्ट एन्ड एक्सपोर्ट फेयर'मा सहभागी हुन उपराष्ट्रपतिको चीन भ्रमणको कार्यक्रम स्वीकृत गरेको छ ।

बैठकले आगामी असोज १३ देखि १७ गतेसम्म संयुक्त राज्य अमेरिकाको टेक्सासमा आयोजना हुने '२०२३ आइसिएमए एनुअल कन्फेनेन्स' विषयका कार्यक्रममा विराटनगर महानगरपालिका प्रमुख नागेश कोइरालालाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको सञ्चारमन्त्री शर्माले जानकारी दिइन् ।

# बढी मूल्य लिएर मल बिक्री गरे कारबाही गर्छौं: उपप्रमुख आलम

**राहुल गुप्ता/मध्यान्ह**
वीरगञ्ज, २४ साउन



वीरगञ्ज महानगरपालिकाका उप-प्रमुख इम्तियाज आलमले बढी मूल्य लिएर मल बिक्री गरे कारबाही गरिने बताएका छन् ।

बुधबार कृषि सहकारीहरुको बैठकमा उनले निर्धारित मूल्यभन्दा बढी मूल्यमा मल बिक्री गर्ने कृषि सहकारीलाई कडा कारबाही गर्ने चेतावनी दिए । बैठकमा उनले कृषकहरुलाई सहज मल वितरण गर्न आवश्यक पहल गर्ने पनि बताए । साथै कुनै पनि कृषि सहकारी संस्थाले बढी मूल्यमा मल बिक्री वितरण गरिरहेको पाइए आफुलाई सम्पर्क गर्न आग्रह गरे । उक्त बैठकमा आर्थिक विकास शाखा प्रमुख प्रतिज्ञा बैध, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा प्रमुख रोशनी यादव लगायत कृषि सहकारीका अध्यक्षहरुको सहभागिता रहेको थियो ।

# सप्तरीका सीडीओको ठाडो उर्दीविरुद्ध महासंघले आन्दोलन गर्ने

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २४ साउन



नेपाल पत्रकार महासंघ सप्तरी शाखाले जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले जारी गरेको उर्दीविरुद्ध आन्दोलन गर्ने भएको छ ।

महासंघले उक्त उर्दी फिर्ता लिन तीन घण्टाको अन्टिमेटम दिएको थियो, तर प्रशासनले उक्त उर्दी फिर्ता नलिएपछि महासंघले आन्दोलनको तय गरेको हो ।

महासंघले उक्त उर्दीविरुद्ध बुधबार सप्तरीमा मैनबत्ती बालेर विरोध गरेको छ । प्रेस स्वतन्त्रता हराएको भन्दै मैनबत्ती बालेर महासंघले खोजी गरेको हो ।

अहिले उक्त उर्दीको सामाजिक सञ्जालमा चौतर्फी आलोचना भएको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीले पत्रकारहरुलाई समेतलाई उद्धृत गर्दै तस्बिर वा भिडियो खिच्न अनुमति लिनुपर्ने सूचना उर्दी जारी गरेको थियो ।

सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी लेवन कश्यप अधिकारीद्वारा हस्ताक्षरित सूचनामा सेवाग्राही, पत्रकारहरुले कार्यालय परिसरभित्रको फोटो तस्बिर सामाजिक सञ्जाल, पत्रपत्रिकामा समेत हाल्ने गरेको भन्दै अबदेखि अनुमति बिना तस्बिर खिच्न नपाउने भन्ने उल्लेख गरेका छन् ।

यता नेपाल पत्रकार महासंघ सप्तरी शाखाले उक्त उर्दी फिर्ता लिन सिडिओलाई तीन घण्टाको अल्टिमेटम दिएको छ । महासंघले एक प्रेस विज्ञप्ति जारी गर्दै तीन घण्टाभित्र त्यस्तो उर्दी फिर्ता लिन अल्टिमेटम दिएको हो ।

महासंघले जिल्ला प्रशासन कार्यालय सप्तरीबाट संविधान र प्रेस स्वतन्त्रता विपरित सार्वजनिक भएको उक्त उर्दी पूर्ण सूचना बुधबार राति ८ बजेसम्म फिर्ता लिइ पूर्ण प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको ग्यारेण्टी गर्न माग गरेको छ । सो माग पूरा नभए बिहीबारदेखि चरणवद्ध आन्दोलनमा उत्रिन बाध्य हुने उल्लेख गरिएको छ । महासंघ सप्तरीले बिहीबारदेखि चरणबद्ध आन्दोलन गर्ने समेत जनाएको छ ।

# गलत र भ्रामक सूचनाविरुद्ध दुई दिने कार्यशाला

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २४ साउन



लुम्बिनी प्रदेशको बुटवलमा गलत र भ्रामक सूचनाविरुद्ध दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ। पत्रकार, ब्लगर, सामग्री सिर्जनाकर्ता र एलजीबीटीआईक्यू समुदायका प्रतिनिधिहरु कार्यक्रममा सहभागी थिए । उनीहरुलाई गलत र भ्रामक सूचनाका बारेमा बुझ्न र त्यसविरुद्ध लड्न दुई दिने कार्यशालाको कार्यक्रमको आयोजना गरिएको हो।

युथ इनोभेशन ल्याबले नेपालस्थित अमेरिकी दूतावाससँगको सहकार्यमा उक्त कार्यशाला आयोजना गरेको हो । कार्यशालामा आधुनिक युग/डिजिटल युगमा गलत र भ्रामक सूचनाको व्यापक प्रसारविरुद्ध प्रभावकारी रूपमा लड्न आवश्यक सीप र ज्ञान बारेमा सहभागीलाई सशक्त बनाउनुको साथै उनीहरुलाई विस्तृत जानकारी गराइएको आयोजकले जनाएको छ।

कार्यशालाको उद्घाटन शत्रमा बोल्दै युवा आविष्कार प्रयोगशालाका कार्यकारी निर्देशक प्रदीप खतिवडाले कार्यशालाको सामग्रीले व्यक्तिहरूलाई परिवर्तनशील मिडिया, परिदृश्यलाई प्रभावकारी रूपमा नेभिगेट गर्न र नेपालमा गलत/डिस सूचनालाई सम्बोधन गर्न सशक्त बनाउने कुरामा विश्वास व्यक्त गरे। यस्तै नेपालस्थित अमेरिकी दूतावासका पब्लिक इन्गेजमेन्ट स्पेशलिष्ट डा. धुर्वा शाहले सबै सहभागीहरुलाई मिस/डिस सूचनाविरुद्धको लडाइँमा सहभागीहरूसँग यस सहकार्यलाई निरन्तर जारी राख्ने बताए ।

सहभागीहरूलाई नेपालका पत्रकारहरूको क्षेत्रीय विज्ञहरूको समूहद्वारा विकसित अन्तरक्रियात्मक ई-लर्निङ पोर्टल 'Shikshya.Org' मा परिचय गराइएको थियो ।

यो व्यापक अनलाइन पाठ्यक्रमले गलत र भ्रामक सूचनाको बढ्दो मुद्दा बुझ्न र समाधान गर्न खोज्ने व्यक्तिहरूको लागि व्यावहारिक मार्ग निर्देशन गर्दछ । कार्यशालाको अवधिमा सहभागीहरूले सक्रिय रूपमा ह्यान्ड्स-अन सत्रहरू र अनलाइन सिकाइ दृष्टिकोणमा भाग लिँदै आजको डिजिटल युगमा प्रचलित गलत र भ्रामक जानकारीको वास्तविक जीवन केस स्टडिहरूको विश्लेषण गर्दै यस कार्यक्रमले अहम भूमिका निर्वाह गर्ने विश्वास लिएको छ ।

### कार्यशालाको चार मुख्य मोड्युल

नेपालको विकसित मिडिया परिदृश्य नेभिगेट गर्दै परम्परागत र नयाँ मिडियामा गलत/डिस जानकारीलाई सम्बोधनको साथै नेपालमा तथ्य-जाँच र मिडिया साक्षरतामार्फत गलत/डिस जानकारीविरुद्ध लड्दै पूर्वाग्रह तोड्ने हो । नेपालमा सीमान्तकृत समुदायहरूविरुद्ध गलत/डिस जानकारी बुझ्ने र लड्ने गलत र भ्रामक जानकारीविरुद्ध लड्न कानूनी र नियामक दृष्टिकोण अन्तरक्रियात्मक सत्रहरूमा सहभागीहरूले परम्परागत र नयाँ मिडिया स्रोतहरूमा मिस/डिस जानकारी पहिचान गर्न र मूल्यांकन गर्न सिकाइएको हो ।

गुगल रिभर्स छवि खोज जस्ता मूल्यवान उपकरणहरू, साथै वेब्याक मेसिन र आर्काइभ टुडे जस्ता अभिलेख स्रोतहरू प्रस्तुत गरिएको थियो । थप सहभागीहरुलाई सामग्रीलाई सम्भावित मेटाउनबाट जोगाउन, साधारण अभिलेख प्रविधिहरू प्रयोग गरेर आफ्नो कामलाई सुरक्षित गर्न ह्यान्ड्स-अन प्रशिक्षण प्राप्त गराइएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य प्रशिक्षक र मोड्युल सामग्री निर्माता राजन पोखरेलले दुवै परम्परागत मिडियाको महत्व र खाडलहरू पूरा गर्न नयाँ प्रविधिहरू आत्मसात गर्ने कुरामा प्रकाश पारे । उनले गलत/डिस सूचनाद्वारा सीमान्तकृत समुदायहरूलाई लक्षित गर्ने कुरालाई पनि जोड दिए । त्यस्ता हानिकारक अभ्यासहरूको प्रतिरोध गर्ने तरिकाहरू खोजको साथै छलफलको महत्वपूर्ण पक्ष लिंग सम्बन्धी गलत जानकारी र व्यक्तिहरूमा यसको प्रभावको बारेमा समेत पोखेलले जानकारी गराए ।

कार्यशालामा, सहभागीहरूले कडा समाचारहरू कभर गर्न सक्ने क्षमता भए पनि महिलाहरूलाई नरम समाचारहरूतर्फ निर्देशित गर्ने उदाहरणहरूबारे छलफल गरे। एलजीबीटीआइक्यू समुदायका एक सदस्यले आफ्नो समुदायमा गलत र भ्रामक सूचनाको वास्तविक-विश्व प्रभावहरूमा प्रकाश पार्दै आफ्ना व्यक्तिगत अनुभवहरू सुनाएका थिए ।

त्यसैगरी युथ इनोभेसन ल्याबका कार्यकारी निर्देशक प्रदीप खतिवडाले व्यक्तिहरूलाई सशक्तिकरण र शिक्षित बनाउन प्लेटफर्म 'Shikshya.org' को महत्व प्रकाश पार्दै उनले पाठ्यक्रमको माध्यम उत्साही, आम जनता र विद्यार्थीहरूको लागि एक बहुमूल्य स्रोतको रूपमा सेवा गर्ने क्षमतालाई हाइलाइट गरे । यसले एक सूचित, शिक्षित, र सशक्त समाजलाई बढावा दिने उनको भनाइ छ । यो प्रादेशिक कार्यशाला कार्यक्रम विराटनगर, जनकपुर, सुर्खेत, धनगढी र बुटवल गरी पाँच स्थानमा सफलतापूर्वक सम्पन्न भइ सकेको जनाइएको छ । कार्यशाला सातवटै प्रदेशमा सञ्चालन गरिने आयोजनले जानकारी दिएको छ। अन्ततः गलत/डिस सूचनालाई प्रभावकारी रूपमा सामना गर्न ज्ञान र सीपले सुसज्जित १ सय ४० प्रशिक्षित प्रशिक्षकहरूको पूल सिर्जना गरिने आयोजकको भनाइ छ ।

## सरकारसँग...

राजनीतिक भेटघाट बढेको हो । राजनीतिक आन्दोलनको क्रममा गौर घटना भएको बताउँदै आएको जसपाले सरकारले व्यक्तिगत अपराधको जस्तो गरी व्यवहार गर्नु नहुने भन्दै आएको छ ।

नेताहरुका अनुसार जसपा अध्यक्ष यादवले मंगलबार बेलुका नै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग टेलिफोन संवाद गरे । बुधबार बिहान अध्यक्ष यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एमाले अध्यक्ष ओली र कांग्रेस सभापति देउवासँग भेटे । प्रधानमन्त्री दाहाल र कांग्रेसका सभापति देउवासँगको भेटमा अध्यक्ष यादवले पछिल्लो सहमतिले गठबन्धनभित्र अविश्वास उत्पन्न गर्न सक्ने बताएका थिए ।

'विपक्षमा हुँदा सरकारले छानबिन गर्न एउटा विषय हुन्थ्यो । तर आफ्नै दल सरकारमा छ र आफ्नो जिल्लादेखि केन्द्रका नेताहरुमाथि छानबिनमा पर्ने छन् । त्यसले गठबन्धनभित्र अविश्वास उत्पन्न हुने देखिन्छ' जसपाका एक नेताले भने । प्रतिनिधिसभामा जसपाका १२ सांसद रहेका छन् र सो दलका २ जना मन्त्री रहेका छन् ।

२०६३ चैत ७ मा रौतहट गौर स्थित राइसमिल चौरमा आमसभाको विषयमा नेकपा माओवादी र तत्कालीन मधेशी जनताधिकार फोरमबीच झडप हुँदा २७ जनाको मृत्यु भएको थियो ।

त्यस प्रकरणमा पीडितहरु आन्दोलनमा उत्रिएपछि सरकारले पाँचबुँदे सहमति गरेको हो । उक्त सहमतिमा २०६३ साल चैत ७ गते रौतहटको गौरमा भएको घटनामा परी मृत्यु तथा घाइते भएका व्यक्तिहरूका सन्दर्भमा ततसमयमा दर्ता भएका जाहेरीसमेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणको आधारमा दोषीलाई कानूनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने उल्लेख छ। सहमतिपत्रमा तत्कालीन सरकारद्वारा शहीद घोषणा गरिएका गौर घटनाका मृतकहरूको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्ने, मृत्यु भएका तर शहीद घोषणा हुनबाट छुटेकालाई शहीद घोषणाको प्रक्रिया अगाडि बढाउने पनि उल्लेख छ ।

सहमतिपछि जसपा अध्यक्ष यादवले पार्टीभित्र अनौपचारिक छलफल पनि चलाएका छन् । आवश्यक परे औपचारिक बैठक राखेर पार्टीको धारणा सार्वजनिक गरिने जसपाका नेता मनिष सुमन बताउँछन् ।

उपेन्द्र यादव मात्रै नभएर सरकारसँग सत्तारुढ अन्य दलका नेताहरु पनि सशंकित छन् । ललिता निवासको जग्गा प्रकरण, सुन तस्करी र गौरहत्याकाण्डको विषय अगाडि बढेसँगै सरकार बनाउन निर्णायक शक्ति मानिएका राजनीतिक दलका शीर्ष नेताहरु नै छानबिनको निसानामा परेका छन् ।

ललिता निवास प्रकरणमा नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल, नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई समेत छानबिनमा तानिने भएका छन् । सर्वोच्च अदालतले नै ललिता निवासको जग्गा व्यक्तिको नाममा नामसारी गर्ने निर्णयमा संलग्न उच्च तहसम्म पुग्न आदेश नै दिएको छ । यसबाट पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा. भट्टराई आफैँले बनाएको सरकारसँग ज्ञासमा छन् । तथापि, दुवै नेताले छानबिनमा सघाउन तयार रहेको प्रतिवद्धता सार्वजनिक रुपमै व्यक्त गरेका छन् ।

प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी)ले पनि ललिता निवास जग्गा अनियमितताका सन्दर्भमा पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा.भट्टराईसँग बयान लिने तयारी गरेको छ । साथसाथै पूर्वमन्त्रीहरु विजयकुमार गच्छदार, चन्द्रदेव जोशी र डम्बरबहादुर श्रेष्ठ लगायतका हकमा पक्राउ पुर्जी जारी भएको छ। पूर्वमुख्यसचिव लिलामणि पौडेलसँग पनि सीआईबीले सोधपुछको तयारी गरेको छ ।

ललिता निवास जग्गा प्रकरणमा २०६६ र २०६७ सालमा माधवकुमार नेपाल नेतृत्वको सरकारले केही विवादास्पद निर्णय गरेको थियो । २०६९ सालमा डा. बाबुराम भट्टराईको सरकारले सरकारी जग्गा पशुपति टिकिन्छा गुठीका नाममा लैजाने निर्णय गरेको थियो । अर्थात, यी प्रकरणको माथिको अनुसन्धानका क्रममा सरकारमा रहेका राजनीतिक दलका शीर्ष नेताहरुमाथि नै सोधपुछ हुँदैछ ।

## सुन...

गृहमन्त्रीले दिएको जवाफमाथि केही प्रश्न उठाएका छन् । गृहमन्त्रीले ३५ दिन समय मागेको भन्दै उनले यसलाई अन्यथा भन्न नमिल्ने बताए । तर कुन कानुन टेकेर राजस्व अनुसन्धान विभागले गरेको अनुसन्धान केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी)मा पठाएको भनेर प्रश्न गरे ।

उच्च तहको संलग्नता विना यति ठूलो सुन तस्करी हुन नसक्ने भन्दै लामिछानेले अगाडि भनेका छन्, 'मन्त्रालयस्तरमा कसको संलग्नता छ म भन्न सक्दिनँ, तर यति ठूलो तस्करीमा उच्चभन्दा उच्च तहको संलग्नता छ भन्ने कसैसामु लुकेको छैन । यसकारण अनुसन्धान गरिरहँदा चाहे अर्थ मन्त्रालयका सचिव हुन्, चाहे प्रहरी प्रमुख नै किन नहुन्, उहाँहरुको संलग्नता छ कि छैन भन्ने शंकाको विषय भयो ।'

## छुट्टै...

छानबिन समिति बनाउनेबित्तिकै त्यसको कार्यादेश, कार्यक्षेत्र हुन्छ । र त्यो प्रधानमन्त्रीसम्म प्रवेश गर्छ, अर्थमन्त्रीमा पनि प्रवेश गर्छ, गृहमन्त्रीसम्म पनि प्रवेशको माग गर्छ । निलम्बनको व्यवस्था नभएका कारण प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ । त्यसपछि अर्को प्रधानमन्त्री निर्वाचित गर्ने प्रक्रिया शुरू हुन्छ र छानबिनलाई ओझेलमा पारिदिन्छ । यही नियतका साथ उच्च स्तरीय छानबिनको माग भइराखेको उनको भनाइ छ ।

उनी भन्छन्, 'सिधै अगाडि छानबिनमा गए हुन्छ । प्रधानमन्त्रीलाई हटाउने हो भने अविश्वासको प्रस्ताव लैजानुपर्छ । प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्रीमाथि जबसम्म छानबिन हुँदैन, तबसम्म यो अगाडि जाँदैन भन्ने हो भने यताबाट पनि प्रधानमन्त्री हटाउने, उताबाट पनि प्रधानमन्त्रीलाई हटाउने हो भने उच्चस्तरीय समितिमा जानुस्' उनले भने ।

अहिलेको भण्डाफोरले दुई वटा सन्देश दिएको उनले बताए । उनका अनुसार एकातिर सरकारले नियन्त्रणमा ल्याएको छ र छानबिन गर्दै छ र यसलाई अन्त्य गर्नको निम्ति प्रयत्न गरिरहेको भन्ने सन्देश गएको छ भने अर्कातिर नेपाल संसारकै तस्करहरूले खुसीयाली मनाउने देश हो भन्ने सन्देश गएको छ ।

## विज्ञापन...

सहसचिव राजिव पोखरेलले वैदेशिक रोजगार व्यवस्थापन, मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले सामाजिक सुरक्षा कोष र प्रधानमन्त्री रोजगार कार्यक्रमका निर्देशक रामचन्द्र ढकालले प्रधानमन्त्री रोजगार कार्यक्रमका बारेमा जानकारी दिए ।

सहसचिव पोखरेलले वैदेशिक रोजगार ऐन संशोधन, श्रम सम्झौता, गृह तथा परराष्ट्र मन्त्रालयसँगको समन्वयका विषयमा भएका प्रगतिको जानकारी दिए । उनले दक्षिण कोरियामा नेपाली कामदारमा मानसिक समस्या देखिएको भन्दै मनोसामाजिक परामर्श एवम् स्वास्थ्य परीक्षण क्याम्पमार्फत सेवा प्रवाह गरिएको, ठगी नियन्त्रणमा अधिकार प्रत्यायोजनलगायतका विषयमा काम भइरहेको बताए ।

मन्त्रालयका सहसचिव तथा प्रधानमन्त्री रोजगार कार्यक्रमका निर्देशक रामचन्द्र ढकालले प्रधानमन्त्री रोजगार कार्यक्रम वैदेशिक रोजगारीलाई रोक्न नभइ न्यूनतम रोजगारका लागि रहेकाले ठूलो रोजगारीको अपेक्षा राख्न नहुने जानकारी दिए ।

मन्त्रालयले तालिमयुक्त जनशक्ति निर्माण गर्ने, सेवा शुल्क, घरेलु कामदार, माग प्रमाणीकरण, सूचना सम्प्रेषणमा एकरुपता ल्याउनेलगायतका विषयमा काम गरिरहेको बताएको छ ।

**क्षतिपूर्ति र छात्रवृत्ति रकममा वृद्धि**

श्रम मन्त्रालयले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकले पाउने क्षतिपूर्ति रकम बढाउने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीको अध्यक्षतामा बसेको वैदेशिक रोजगार बोर्डको बैठकले श्रम स्वीकृतिको अवधिभित्र मृत्यु भएका कामदारको परिवारलाई दिइँदै आएको राहत रकम बढाउने निर्णय गरेको छ । त्यसका लागि श्रमसचिव भण्डारीको नेतृत्वमा अध्ययन समिति गठन गरिएको छ ।

सचिव भण्डारीले मूल्य वृद्धिदरलाई आधार मानेर क्षतिपूर्तिको सुविधालाई बढाउने गृहकार्य गरिएको बताए । वैदेशिक रोजगारीका क्रममा मृत्यु भएमा आश्रित परिवारले हाल पाउँदै आएको सात लाख रुपैयाँमा शतप्रतिशतसम्म वृद्धि हुन सक्ने मन्त्रालयले जनाएको छ । आर्थिक वर्ष २०७४ / ७५ बाट सात लाख रुपैयाँ क्षतिपूर्ति दिन थालिएको हो ।

त्यस्तै मृतक कामदारका सन्ततिले पाउने छात्रवृत्ति रकमलाई समेत वृद्धि गरिने भएको छ । हाल वैदेशिक रोजगारका क्रममा मृत्यु भएका कामदारका शिशु कक्षादेखि कक्षा १२ सम्मका अध्ययनरत सन्तानलाई छात्रवृत्ति दिने गरिएको छ । ८ कक्षासम्मका विद्यार्थीलाई वार्षिक ८ हजार रुपैयाँ र ८ कक्षाभन्दा माथि पढ्ने विद्यार्थीलाई वार्षिक १२ हजार रुपैयाँ दिइँदै आएको छ । सचिव भण्डारीले अवैज्ञानिकरुपमा गएका कामदारका आश्रित परिवारलाई २५ हजार दिने गरिएकोमा त्यसलाई पनि कार्यविधि बनाएर बढाइने जानकारी दिए ।

**ऐन संशोधनमा छलकपट**

सञ्चारकर्मी अन्तरक्रियामा वैदेशिक रोजगार ऐनको दफा १६ सुनियोजितरुपमा हटाउने भएको षड्यन्त्रका बारेमा व्यापकरुपमा विषय उठान भएको छ । तत्कालीन श्रम सचिव एक नारायण अर्यालको कार्यकालमा भएको ऐन संशोधनको मस्यौदामा म्यानपावर कम्पनीले वैदेशिक रोजगार कार्यालयबाट पूर्व स्वीकृतिको अनुमति लिएपछि वैदेशिक रोजगारीमा जाने कामदार छनोट गर्न राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन प्रकाशित गर्नुपर्ने व्यवस्था हटाएर सम्बन्धित म्यानपावर कम्पनीको वेबसाइटमा पूर्व स्वीकतिको सूचना प्रकाशित गरेर विभागलाई सोही दिन जानकारी दिनपर्ने प्रावधान राखिएको छ ।

नागरिकको संविधान प्रदत्त सूचनाको अधिकार कुण्ठित गर्ने गरी मन्त्रालयका एक सहसचिवको स्वार्थमा उक्त प्रावधान आएको सार्वजनिक भइरहेका बेला बुधबारको अन्तरक्रियामा उक्त विषयमा गम्भीर छलफल भएको थियो । मन्त्रालयबाट त्यस विषयमा आफूलाई कुनै जानकारी नदिइएको भन्दै सचिव भण्डारीले विज्ञापन प्रकाशित नगर्ने व्यवस्था उचित नभएको र संसदमा पुगेको विधेयक पारित नभएको अवस्थामा त्यसलाई परिवर्तन गर्न भूमिका खेल्ने बताए ।

म्यानपावर कम्पनीको वेबसाइटमा सूचना राख्ने गरी भएको व्यवस्था सुटुक्क छिराएको भन्ने विषय वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहालको भनाइले पनि प्रष्ट पारेको थियो । राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित नगर्ने विषयका बेफाइदा र त्यसले सरकारको राजस्वसमेत प्रभावित हुने विषय सञ्चारकर्मीका तर्फबाट उठेपछि महानिर्देशक दहालले पहिलोपटक नभएर दोहोऱ्याएर सूचना प्रकाशित गर्दा व्यवसायीको वेबसाइटमा प्रकाशित गरे पुग्ने व्यवस्था भएको बताए ।

महानिर्देशक दहालको भनाइले पनि मन्त्रालयमा ऐनको मस्यौदा गर्दाको छलफलमा एउटा र मन्त्रिपरिषदमा पठाउँदा आर्थिक स्वार्थ पूरा गरी चलाखीसाथ अर्कै प्रावधान पठाएको हुन सक्ने आंकलन गरिएको छ। सञ्चारकर्मीको जवाफ दिने क्रममा सहसचिव राजिव पोखरेलले म्यानपावर कम्पनीको खर्च घटाउन उक्त प्रावधान राखिएको बताए । इम्प्लोइमेन्ट पे मोडलमा कामदार छनोट गर्दा विज्ञापनको खर्च म्यानपावर कम्पनीले नभइ रोजगारदाताले व्यहोर्नुपर्ने प्रावधान छ ।

## दुई...

पाइएपछि इजाजतपत्र खारेज गर्नुपरेको बताएका छन् ।

डि स्क्वायर्ड ग्रुपले दुई जना र डिलक्स एचआर सोलुसन प्रा.लि.ले १५ जनाभन्दा बढी कामदारको क्षतिपूर्ति नदिएको विभागले बताएको छ । विभागले व्यवसायीको इजाजत खारेज गरेको लामो समयपछिको पहिलो घटना हो । वैदेशिक रोजगार ऐनअनुसार कारबाहीमा परी लाइसेन्स खारेज हुने व्यक्तिलाई अर्को इजाजत दिन नमिल्ने व्यवस्था छ ।

महानिर्देशक दहालले ठूलो रकम उठाउने, तर मेलमिलाप वा अन्य माध्यमबाट कारबाहीबाट बच्ने प्रवृत्ति रोक्न पनि इजाजत खारेजीको कडा कदम चाल्नुपर्ने अवस्था आएको बताए । विभागका महानिर्देशकले लाइसेन्स खारेज गरे त्यसविरुद्ध मन्त्रीसमक्ष ३५ दिनभित्र उजुरी दिन पाउने व्यवस्था छ । महानिर्देशकले गरेको कारबाही त्रुटिपूर्ण भए मन्त्रीले त्यसलाई उल्टाउन सक्ने व्यवस्था ऐनमा छ । महानिर्देशक दहालले म्यानपावरहरुलाई पटक-पटक सचेत गराउँदा पनि अटेर गरेकाले बाध्य भइ इजाजतपत्र खारेज गरिएको मध्यान्हलाई बताए ।

# महादेवा बथनाहामा प्रहरी चौकी स्थापना

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २४ साउन



जिल्ला प्रहरी कार्यालय सप्तरीले आफ्नो मातहत रहने गरी थप एउटा प्रहरी चौकी स्थापना गरेको छ । जिल्लाको महादेवा गाउँपालिका-३ बथनाहास्थित पोखरी डिलमा थप प्रहरी चौकी उद्घाटन गरिएको हो । यसअघि इलाका प्रहरी कार्यालय कञ्चनपुर मातहत रहेको डिमन प्रहरी चौकीले उक्त गाउँपालिकाको वडा नम्बर ३ र ४ तथा इलाका प्रहरी कार्यालय हनुमाननगरले वडा नम्बर २ र ५ हेर्ने गरेको थियो । अबदेखि उक्त वडाहरु हेर्ने प्रयोजनका लागि बथनाहास्थित प्रहरी चौकी स्थापना गरिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुमार कार्कीले जानकारी दिए । प्रहरी सहायक निरीक्षकको कमाण्डमा प्रहरी हवल्दारसमेत पाँच जनाको टोली त्यहाँ खटाइएको उनले बताए।

महादेव प्रहरी चौकी बथनाहाले उक्त पालिकाको वडा नं.३ को बथनाहा, वडा नं.४ को बलिया, डाढा, मनियार प्रसाही र लक्ष्मीनियाँ र वडा नं.२ को अकवरपुर, महादेवा, चकला र कजौलीसम्म सेवा दिने उनले बताए । बथनाहास्थित रहेको अस्थायी कोभिड-१९ अस्पतालको भवनमा चौकी स्थापना हुँदा स्थानीयहरु उत्साहित देखिएका छन्।

स्थानीय शशी कुमार यादवले बथनाहामा प्रहरी चौकी स्थापना हुँदा यहाँका जनताले सहजै नजिकबाट प्रहरी सेवा पाउनेमा खुशी भएको बताए । समाजमा दिनप्रतिदिन घटिरहेको सामान्य घटना, अपराध र अशान्ति जस्ता क्षेत्रमा बथनाहा प्रहरीले आवश्यक कदम चाल्नुपर्नेमा उनले जोड दिए ।

त्यस्तै स्थानीय कोशलेन्द्र यादवले महादेवा गाउँपालिकाको पहलमा स्थापना गरिएको यस चौकीबाट यहाँका मानिसहरु सहजरूपमा सेवा पाउने भएकाले यो समाज गौरवान्वित भएको बताए । उनले प्रहरीले सर्वसाधारणको साथी झैं सेवा दिनेमा आफु विश्वस्त रहेको बताए। यसैगरी उक्त गाउँपालिका उपाध्यक्ष अर्चना कुमारी यादवले शुभकामना व्यक्त गर्दै महादेवावासीले अब प्रहरी सेवा पाउन टाढाको चौकी जाने बाध्यताको अन्त्य भएको बताइन् । महादेवा गाउँपालिकाको शान्ति सुरक्षा कायम राख्न बथनाहा चौकीले खेल्ने भुमिकामा गाउँकार्यपालिकाको साथ र सहयोग सदैब रहने बताइन् । शुभकामना मन्तव्यकै क्रममा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले सप्तरी प्रशासनबाट दलाल र बिचौलियाहरु तर्सिएकाले विरोध जनाउनु स्वभाविक भएको बताए ।

उनले सप्तरी प्रहरी प्रशासन तस्कर, बिचौलिया, अपराधिको साथी कहिले पनि नहुने विश्वास दिलाए । प्रहरी प्रशासन यहाँहरुको साथ र मायाले उच्च मनोबलका साथ काम गरिरहेको उनको भनाइ छ । जिल्ला प्रशासन कार्यालय र सप्तरी कारागारको अतिक्रमित जग्गा खाली गराउँदा केहीलाई प्रहरी प्रशासन मन नपरेको दुःख व्यक्त गरे । प्रहरी चौकी उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी थापा, प्रहरी उपरीक्षक कार्की,महादेवा गाउँपालिकाका उपाध्यक्ष अर्चना कुमारी यादव,प्रमुख प्रशासकीय अधिकृत केशव कुमार झा, निवर्तमान गाउँपालिका अध्यक्ष दिपक कुमार यादव, वडा नं.३ का अध्यक्ष रामकुमार यादव,वडा न.४ का वडा अध्यक्ष जुगेश्वर साह, स्थानीय समाजसेवी शशी कुमार यादव लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## बृहत् खोज र खोप अभियान

# ४० हजार बालबालिकालाई खोप



**रामबहादुर सुवेदी (आर.के)/मध्यान्ह**
काठमाडौं, २४ साउन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'बृहत् खोज र खोप अभियान'अन्तर्गत नियमित खोप लगाउन छुटेका ४० हजार बालबालिकालाई खोप प्रदान गरेको छ।

स्वास्थ्य सेवा विभागको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले अभियानअन्तर्गत नियमित खोप लगाउन छुटेका ४० हजार चार सय ६३ बालबालिकालाई खोप प्रदान गरिएको बताए।

मन्त्रालयले १५ महिनाभित्रमा लगाउनुपर्ने नियमित खोप लगाउन छुटेका पाँच वर्षमुनिका बालबालिकालाई अभियान सञ्चालन गरी खोप लगाएको हो।प्रमुख डा.गौतमका अनुसार गत वैशाख १५ र ३१ गते अभियान सञ्चालन गरिएको थियो। उनका अनुसार १५ महिनाभित्र लगाउनुपर्ने खोपको एक मात्रा पनि नलगाएका दुई हजार ९० बालबालिकालाई पहिलो पटक खोप प्रदान गरिएको छ।

कुनै एक वा सोभन्दा बढी मात्रा खोप लगाउन छुटेका ३८ हजार तीन सय ७३ बालबालिकालाई विभिन्न नौ किसिमका १३ रोगविरुद्ध १८ मात्रा खोप प्रदान गरिएको प्रमुख डा.गौतमले जानकारी दिए। उनका अनुसार चार हजार छ सय सात स्थानबाट खोप प्रदान गरिएको थियो।

प्रमुख डा.गौतमले नियमित खोप लगानुपर्ने समयमा नलगाएका बालबालिकालाई अहिले लगाइएको खोप कम प्रभावकारी भए पनि काम गर्ने बताए।

मधेश प्रदेशमा कुनै एक मात्र पनि नियमित खोप नलगाएका बालबालिका बढी रहेका पाइएको प्रमुख डा गौतमले जानकारी दिए।

उनका अनुसार कुनै पनि खोप नलगाउनेमा मधेशमा एक हजार तीन सय १६, लुम्बिनीमा दुई सय ९५, वागमतीमा एक सय ७६, कोशीमा एक सय ६०, सुदूरपश्चिममा एक सय पाँच, कर्णालीमा २९ र सबैभन्दा कम गण्डकीमा नौ जना रहेका छन्।

पूर्ण मात्रा खोप लगाउँदा स्वास्थ्यमा हुने फाइदा तथा खोप लगाइने स्थान र समयको बारेमा पर्याप्त जानकारी नहुनु, खोप सेवाका बारेमा प्रभावकारी परामर्शको कमी, कतिपय समुदाय/स्थानमा खोपप्रतिको गलत बुझाइलगायत कारणले बालबालिका नियमित खोपबाट वञ्चित भएका मन्त्रालयले जनाएको छ।

### 'आँखा पाक्ने रोग लागे आत्तिनु पर्दैन'

मन्त्रालयले आँखा पाक्ने रोग (भाइरल कन्जङ्क्टिभाइटिस) लागे आत्तिनु नपर्ने जनाएको छ। मन्त्रालयका सहप्रवक्ता डा.समिरकुमार अधिकारीले अहिले मुलुकभरका विभिन्न ठाउँमा आँखा पाक्ने रोग देखिएकाले नआत्तिइ घरमा बसेर उपचार गर्न आग्रह गरे। उनले घरमा आँखाको स्याहार गरे सङ्क्रमण एकदेखि दुई हप्ताभित्रमा निको हुने बताए।

हाल नेपालका विभिन्न जिल्लामा आँखा पाक्ने रोग देखिएकाले देशभरिका आँखा अस्पतालहरुमा बिरामीको चाप बढ्दै गएको मन्त्रालयले जनाएको छ। सङ्क्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने, विद्यालय, बजार र सङ्क्रमित व्यक्ति भीडभाडमा हुने ठाउँ/सार्वजनिक स्थानमा नजाने, सङ्क्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना प्रयोग गर्न नहुने उनले बताए।

डा.अधिकारीका अनुसार जथाभावी आँखा नछुने, छुनु परेमा सावुन पानीले राम्ररी हात धुने, आँखालाई चिसोले सेक्ने र सेक्दा आँखा बन्द गरेर मात्रै सेक्ने, आँखा नमिच्ने, प्रशस्त मात्रामा पानी तथा पोषिलो खाना खाने, बाहिर घाममा निस्कँदा कालो चस्माको प्रयोग गर्ने, सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान राम्ररी धोएर मात्रै प्रयोग गर्नुपर्दछ।

# प्राधिकरणको नयाँ नियमले हुम्लामा हवाई सेवा ठप्प

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २४ साउन



नागरिक उड्डयन प्राधिकरणले आन्तरिक उडानमा नयाँ नियम लागू गरेपछि हुम्लासहित कर्णालीका हिमाली जिल्लाको उडान ठप्प भएको छ। प्राधिकरणले साउन दोस्रो सातादेखि विमानस्थलको उडान तालिकाअनुसार उडान भर्नुपर्ने नियम लागू गरेसँगै दैनिक उडान ठप्प भएको हो।

खराब मौसमका कारण हुम्लामा चार दिनदेखि हवाई सेवा अवरुद्ध छ। सिमकोट विमानस्थलमा बर्खाको समयमा बिहान १२ बजेसम्म मौसममा सुधार नहुने र उडान तालिकाअनुसार साढे १२ बजेपछि उडान भर्न नपाइने भएकाले हुम्लाको हवाई सेवा ठप्प भएको हो। प्राधिकरणको नयाँ नियम लागू भएसँगै हुम्लावासी समस्यामा परेका छन्। हवाई सुरक्षाका लागि नयाँ नियम राम्रो भए पनि हिमाली जिल्लाका लागि व्यवहारिक नभएको व्यवसायीहरु बताउँछन्। सिमकोटसहित मुगु, डोल्पा र बाजुराका लागि बिहान ६ बजेदेखि मध्याह्न साढे १२ बजेसम्मको उडान तालिका छ। तर सो समयमा मौसम सफा नभएपछि यी विमानस्थलमा चार दिनदेखि हवाई उडान हुन सकेको छैन।

प्राधिकरणले हिमाली जिल्लालाई मध्यनजर नगरी तालिका बनाउँदा राष्ट्रिय सडक नजोडिएको हुम्लाबाट बहिरी जिल्ला जाने यात्रुहरु अलपत्र परेका छन् भने जिल्ला अस्पतालबाट रिफर गरिएका बिरामीले अकालमा ज्यान गुमाउने पर्ने अवस्था रहेको सिमकोट वडा नं ७ का स्थानीय मैन बहादुर शाहीले बताए। त्यस्तै हवाई सेवा अवरुद्ध हुँदा हुम्लामा दैनिक उपभोग्य सामान पनि अभाव हुँदै गएको छ। सामान पाइएपनि तेब्बर मूल्य पर्ने गरेको छ।

# काठ तस्करीमा संलग्न ९५ वटा सवारी साधन बरामद, ५० जना पक्राउ




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ साउन

राष्ट्रिय वनबाट काठका गोलिया तस्करीको घटना बढ्दै गएपछि डिभिजन वन कार्यालय रौतहट चन्द्रपुरले गस्ती तीव्र पारेको छ। काठ तस्करी गर्ने तस्कर समूह वृन्दावन, बनबहुअरी, जुडिबेला, बागमती र गैँडाटारमा सक्रिय भएपछि वन गस्ती बढाइएको डिभिजन वन कार्यालयले बताएको छ।

केही दिन अघिमात्र वन कार्यालको गस्ती टोलीले चार थान काठको गोलियासहित एक पिकअप भ्यान बोलेरोलाई नियन्त्रणमा लिएको थियो। बा ६ च ४६०२ नम्बरको बोलेरोबाट ५६.४४ क्यूफिट काठ बरामद गरिएको कार्यालयले जनाएको छ। एक वर्षको अवधिमा ९५ वटा सवारी साधनसहित २५ सय भन्दा बढी क्यूफिट काठ बरामद गरिएको डिभिजन वन कार्यालय रौतहटको तथ्यांकमा उल्लेख छ।

आर्थिक वर्ष २०७९/०८० मा २ हजार ५ सय ३२ क्यूफिट काठ तस्करबाट बरामद गरिएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख सुनिल कुमार कर्णले जानकारी दिए। उनका अनुसार एक वर्षको अवधिमा विभिन्न वन क्षेत्रबाट काठ तस्करी गर्दै गर्दा तस्करबाट काठ बरामद गरिएको हो। सोही अवधिमा सोही काठ ढुवानी गर्न प्रयोग भएका ८ वटा पिकअप भ्यान, ३ वटा ट्याक्टर, एक वटा ट्रक, एक वटा मिनि ट्रक, १ वटा स्कारपियो, ६५ वटा साइकल, ५ वटा मोटरसाइकल र ४ वटा विद्युतिय रिक्सासहित ९५ वटा सवारी साधन बरामद गरिएको उनले बताए।

बरामद गरिएका अधिकांश सवारी साधन भारतीय नम्बरको भएको र तस्करहरुले ती सवारी साधनमा नेपाली नम्बर राखेर चलाउने गरेको पाइएको उनको भनाइ छ। काठ तस्करीमा प्रयोग भएका सवारी साधनको अवस्थाबारे यातायात कार्यालयमा पत्रचारसमेत गरेकाले सोहीअनुसार कारबाही प्रक्रिया अघि बढ्ने उनले जानकारी दिए। काठ तस्करीमा संलग्न ५० जनालाई नियन्त्रणमा लिएर आवश्यक कारबाही गरिएको पनि उनले बताए।

# काठको पोलमुक्त जिल्ला बनाउने अभियानमा प्राधिकरण



**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, २४ साउन

विद्युत प्राधिकरण दोलखाले विस्थापन अभियान अन्तर्गत सात सय वटा काठे पोल विस्थापन गरेको छ। गत आर्थिक वर्ष २०७९/०८० मा विभिन्न स्थानमा जीर्ण अवस्थामा रहेका सात सय काठे पोल हटाएर फलामे पोल राखिएको हो। दिगो फाइदा हुने भएपछि काठे पोल हटाएर फलामे पोल राखिएको प्राधिकरणले जनाएको छ। प्राधिकरणका प्रमुख मेघनाथ ढकालले विद्युत सेवा भरपर्दो र गुणस्तरीय बनाउन पुराना र जीर्ण पोल विस्थापन गरिएको बताए। जीर्ण पोलका कारण समस्या भएको भन्ने उपभोक्ताहरु गुनासो पश्चात कर्मचारीले पोलको अवस्थाबारे निरीक्षण गरेपछि पुरानो हटाएर नयाँ पोल राख्ने गरेको उनले बताए। प्रमुख ढकालले भने'घामपानीका कारण काठे पोल पाँच वर्ष नबित्दै मक्किने, भाँच्चिने हुन्छ। यसले दुर्घटना निम्त्याउँछ। यस्ता जोखिम हटाउन प्राधिकरणले उपभोक्तासँगको सहकार्यमा काठे पोल विस्थापन अभियान चलाएको हो।' अबको केही वर्षमा जिल्लालाई काठेपोल मुक्त घोषणाका लागि अभियानलाई तीव्रता दिइएको उनले जानकारी दिए।

**९ सय जनाको लाइन काटियो**

प्राधिकरणले गत आ.व.मा लामो समयसम्म विद्युत महसुल नतिर्ने करिब ९ सय जनाको ग्राहकको लाइन काटेको छ। विद्युत महसुल संकलन विनियमावली २०७७ मा भएको व्यवस्था अनुसार दुई महिनाभन्दा बढी लामो समयसम्म विद्युत महसुल नतिर्ने ती ग्राहकको विद्युत लाइन काटेको हो। मिटर रिडिङ गरेको ६० औं दिनसम्म ग्राहकले विद्युत महसुल नतिरेमा प्राधिकरणले सम्बन्धित ग्राहकलाई थाहै नदिइ जुनसुकै समयमा पनि लाइन काट्न सक्ने विनियमावलीमा उल्लेख छ। मौज्दात रहेको ५ करोड रकममध्ये करिब ३ करोड रुपैयाँ महसुल रकम संकलन गरिएको प्रमुख ढकालले बताए। ग्राहकले बक्यौता रकम भुक्तान गरेपछि पाँच सय रुपैयाँ जरिवाना तिराएर पुनः लाइन जोडिएको छ। लाइन काटिएका ग्राहकले ६ महिनासम्म जरिवानासहित बक्यौता बुझाउन नआएमा स्वतः कालो सूचीमा राखिने र उक्त ग्राहकको तीन पुस्तेसहितको देशैभर जहाँसुकै जडान भएको बिजुली कटौती हुने र सरकारी बाँकी सरह असुल उपर गरिने प्राधिकरणले जनाएको छ।

# हिमालय आँखा अस्पतालले निःशुल्क आँखा परीक्षण गर्ने

**काठमाडौं/मस–** नेपाल नेत्रज्योति संघ हिमालय आँखा अस्पताल पोखराले आँखा पाक्ने रोग (एडिनो भाइरल कन्जंग्टिवाइटिस) का कारण अस्पतालमा आउने बिरामीहरुको निःशुल्क आँखा जाँच गर्ने भएको छ।

'पोखरा महानगरपालिका र यस अस्पतालको बिचमा भएको सम्झौता अनुसार हाल महामारीको रुपमा फैलिरहेको आँखा पाक्ने रोग (एडिनो भाइरल कन्जंग्टिवाइटिस) का कारण यस अस्पतालमा उपचारका लागि जनरल ओपिडीमा आउने बिरामीहरुको आँखा जाँच गर्न लाग्ने नाम दर्ता शुल्क यहि साउन मसान्तसम्म निःशुल्क गरिएको व्यहोरा जानकारी गराइन्छ' अस्पतालद्वारा जारी विज्ञप्तीमा भनिएको छ।

अस्पतालका बाह्य कार्यक्रम संयोजक सुवास नेपालका अनुसार पोखरा महानगरपालिकासंगको सहकार्यमा अस्पतालले बुधबारदेखि कन्जंग्टिवाइटिसका बिरामीहरुको निःशुल्क आँखा जाँच गर्नेछ। हिमालय आँखा अस्पताल अन्तरगत हाल २७ वटा आँखा उपचार केन्द्रहरु संचालनमा छन्। अस्पतालले बार्षिक १ लाख ५० हजार बिरामीको आँखा जाँच गरी करिब ५ हजार बिरामीको आँखाको शल्यक्रिया गर्दै आइरहेको छ।

नेपाल नेत्र ज्योति संघले हाल देशभरमा २७ वटा आँखा अस्पताल, १५४ आँखा उपचार केन्द्र र ४४ वटा जिल्ला शाखामार्फत गुणस्तरीय आँखा उपचार सेवा प्रवाह गर्दै आइरहेको छ।

**वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको प्रथम अधिवेशन तथा प्रथम वार्षिक साधारण सभासम्बन्धी सूचना**

यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको कार्य समितिको मिति २०८० साउन १८ गते बिहीबार बसेको बैठकले निम्न मिति, स्थान र समयमा मञ्चको प्रथम अधिवेशन तथा प्रथम वार्षिक साधारण सभा गर्ने निर्णय गरेकोले मञ्चका सम्पूर्ण पदाधिकारी तथा साधारण सदस्यज्यूहरुलाई निम्न लिखित प्रस्तावहरुमा छलफल र निर्णयसमेतका लागि अनिवार्य उपस्थितिका लागि अनुरोध छ।

**तपसिल**
**मिति : २०८० भदौ ८ गते, शुक्रबार।**
**समय : बिहान ११ बजे।**
**स्थान : स्मार्ट प्लेस एण्ड इभेण्ट, चाबहिल, चुच्चेपाटी, काठमाडौं।**

प्रथम वार्षिक साधारण सभाका प्रस्तावहरु :-
१. कार्यसमितिको निर्णयहरु अनुमोदन सम्बन्धमा।
२. वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा।
३. आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमा।
४. लेखा परीक्षक नियुक्ति सम्बन्धमा।
५. संस्था नवीकरण सम्बन्धमा।
६. प्रस्तावित कार्यक्रमका सम्बन्धमा।
७. अनुमानित आय व्यय विवरण।
८. नयाँ कार्यसमिति निर्वाचनका सम्बन्धमा।
९. विविध।

**धनलाल जैसी**
**अध्यक्ष**
NRFEEF
**वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**

**माईन्ड म्यानेजमेन्ट कार्यशाला**
**सफलता, शान्ति र आनन्दको लागि**

मानसिक क्षमता वृद्धि, आत्म विकास, सकारात्मक सोच, नेतृत्व क्षमता विकास, अध्यात्मिक ज्ञान तथा लाभ र सुखी जीवनको लागि हुन गइरहेको यस कार्यक्रममा स्वागत छ।



"सफल हुने बहाना बनाउँदैन
बहाना बनाउनेले सफल हुँदैन"
आचार्य श्री स्वामी ध्रुव

शुल्क रू ६,000/-

आयोजक: सृष्टी साधना केन्द्र, सानेपा
सम्पर्क: ९८४३४७४३९७

**कतारमा रोजगारको अवसर**
कम्पनी: QGYPT CLEANING & SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०४/२४ चलानी नं.: ६०२०५९४५ LT. No.: 290619

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,७२५ | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 4 | 0 | | 1000 | ३६,२९० | | | | | | | |
| 3. | Representative | 3 | 0 | | 2200 | ७९,८३८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ३२ गते (17 August 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
Address: Sinamangal- 09, Kathmandu | Tel: 4112748
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

Vacancy Annoucement

A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Position:

Pro (Male/Female) - 1

**Salary- Negotiable**
**Category need to have a minimum 3 years experienced in the same field.**

Pacific Human Resources Pvt.Ltd.
श्रम इजाजत नं. ६६७/०६३/०६४
Samakhusi, Town Planning, Kathmandu |Tel.: 01-4958519
Mob.: 9818400908/ 9851245683 | Email: phrmarketingcvs@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# बिरासत बिर्सँदै कांग्रेस

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपाल विद्यार्थी संघलाई पूर्णता दिदै ७१० सदस्य मनोनीत गरेका छन् । दुजाङ शेर्पा नेतृत्वको समितिमा सभापति देउवाले केन्द्रीय सदस्यहरू मनोनीत गर्दा जम्बो बनाएका हुन् । मनोनीत भएका केन्द्रीय सदस्यलाई ७७ जिल्लाले भाग गर्दा औसतमा दश हाराहारी हुन्छ । अर्थात् यसअघि जिल्ला कार्य समिति रहने जत्रो संख्या त अहिले केन्द्रीय सदस्य हुने भए । केही समय अगाडि मात्रै विद्वान गुरूङ केन्द्रीय सभापति रहेको तरूण दलमा पनि चार सय बढी केन्द्रीय सदस्य मनोनीत भएका थिए । नेवि संघ र तरूण दल मात्रै नभएर महिला संघमा जम्बो कार्य समिति बन्ने पक्का छ । उषा मिश्र सभापति रहेको महिला संघमा पनि नेवि संघ र तरूण दलजस्तै जम्बो बन्ने सहमति पार्टी नेतृत्वमै जुटिसकेको छ ।

कांग्रेसले भातृ संस्थाहरूलाई जम्बो बनाउनुको कारण भने पार्टीभित्रको भागबण्डा हो । सबै गुटको स्वार्थ समेट्नेतिर नलागेका थिए भने यत्रो ठूलो समिति बनाउन आवश्यक थिएन । तर त्यस्तो समितिमा आपत्ति आउने बुझेर सबैसँग नाम मागियो, नाम संकलन गर्दै जाँदा जम्बो समिति बन्यो । अहिले बनेको समितिको बैठक बस्ने समेत संभावना न्यून देखिन्छ । किनभने यति ठूलो संख्या भेला हुँदा त्यो समिति नभएर आमसभा नै हुन जान्छ । आमसभा भइसकेपछि सबैले आफ्नो कुरा राख्ने र निष्कर्षमा पुग्ने हुँदैन । संभवतः अब यी समितिहरूको बैठक नै बस्नेछैन ।

भातृ संस्थामा मात्रै नभएर कांग्रेसकै नेतृत्व पनि जम्बो बनिसकेको छ । सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री र कोषाध्यक्ष सहित पदाधिकारी रहने कांग्रेसमा १५८ जना केन्द्रीय सदस्य छन् । अझै यो समितिले पूर्णता पाइसकेको छैन । समिति ठूलो भएकैले केन्द्रीय समितिको बैठक नियमित हुन समस्या भइरहेको संस्थापन निकट नेताहरूले बताउने गरेका छन् । १५८ सदस्यीय समितिलाई जम्बो र काम गर्न नसकिने भनिरहेका बेला ७०० माथिको समितिको बैठक संभव हुने देखिदैन । बरू एउटै समितिमा रहेकाहरूबीच चिनजान समेत हुन सक्ने देखिदैन । यस्तो भद्दापन, जसले संगठनबाट निर्णय गराउन समेत नसक्ने परिचय कांग्रेसको होइन । प्रतिनिधित्व धेरै हुने र छरिटो नेतृत्वले मात्रै कुनैपनि कुराको सही निष्कर्ष निकाल्ने विश्वास गरिन्छ । अतः कांग्रेसले अस्वभाविक रूपमा बढेको आफ्नो आकारबारे पुनर्विचार गर्न आवश्यक छ ।

सन्दर्भ : भू संरक्षण दिवस

# विपत्ति नै हाम्रो नियति हो त ?

*मुलुकमा विपद्का कारण हुने असर र प्रभावको वैज्ञानिक अनुसन्धान हुन जरूरी छ । भौतिक विकासको स्वरूप तय गर्दा पछि पर्न सक्ने वातावरणीय असर सम्भावना, चुनौती सबै अध्ययन र अनुसन्धान जरूरी छ । विकासको नाममा जथाभावी डोजर आतंक गरिनुहुन्न । माटोको अवस्था नहेरी ठूला भवनहरू निर्माण गर्न दिनु हुन्न । विकास भनेको शहरीकरण मात्रै होइन, मानवीय सहजीकरण पनि हो ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



देशको परिस्थितिको आकंलन गर्दै जिल्लाभरी नै भू संरक्षण कार्यालयहरु र केन्द्रमा भू तथा जलाधार संरक्षण विभाग स्थापना गरी भू संरक्षण दिवस नै राष्ट्रियरूपमा मनाउन लागिएको ५० वर्ष बितेछ । गृह मन्त्रालयअन्तर्गत विपत् न्यूनीकरण प्राधिकरणको बनोटदेखि झन् विपत्ति बढेको भनेझैँ भू संरक्षण दिवस मनाउन थालिएको पाँच दशक बितिसक्ता पनि देशमा प्राकृतिक प्रकोपबाट पीडित हुने क्रम घटेको छैन । मुख्य वर्षाको समय श्रावण २४ लाई भू संरक्षण दिवस मनाइरहँदा देशको राजधानी काठमाडौं वर्षाले अस्तव्यस्त रह्यो । भू संरक्षण दिवसकै दिन यो आलेख तयार गरिरहँदा मकवानपुरमा पहिरोले दुई जनालाई निलिसकेको र चार जना हराइरहेको अवस्था छ भने दोलखामा एक बालक पहिरोबाटै मृत्युवरण गर्न पुगे र अधिकांश राजमार्गहरु अवरुद्ध बन्न पुगे । काठमाडौं डुबानमा परेको घटना नौलो होइन, यसअघि पनि पशुपतिलगायत भक्तपुर क्षेत्र र त्रिपुरेश्वर क्षेत्र भनौं सबैतिर प्रकृतिको ताण्डव नृत्य देखिएकै हो । प्रकृति दोहनमा रमेको मान्छे, राजनीतिकर्मीदेखि बिचौलियासम्म छन् । धार्मिकस्थल भारतको बदीनाथ धामलगायत केदारनाथ क्षेत्र पूरै सखाप भएको विगत एक दशकअघिको अनुभव पनि हामीकहाँ छ र त्यहीक्षेत्रमा अहिले पनि हाम्रै नेपालीहरुको अकाल मृत्यु भएको छ ।

जलवायु परिवर्तनको लामो संकट भोगिरहेको नेपालले प्राकृतिक विपत्तिको नियतीलाई अखण्डरूपमा झेलिरहेको छ । असारे र डोजरे विकास पछिल्लो उदाहरण हो भने गाउँ बस्ती सबैतिर अहिले जग्गा प्लटिङ्ग गर्ने, कृषि भूमिको अतिक्रमण गर्ने र नदी किनारालाई च्यापेर व्यक्तिगत प्रयोग गर्ने बानी बढेको छ । खासगरी ०४६ सालको राजनैतिक परिवर्तनपछि सुकुम्बासी भन्दै दलहरुको भोट बैंक रहेका धेरै व्यक्तिहरुबाट कुनै नदी खोलाहरु खाली छैनन् र अब सरकारले नै औपचारिकरूपमा चुरेक्षेत्रको ढुंगा, बालुवा, माटो बेच्ने निर्णय गरेपछि चुरे दोहन नरोकिएर तराई क्षेत्रमा अन्न बालिको उत्पादन कम हुन थालेको छ र अन्नको भण्डार भनिएको मधेश प्रदेशलाई सुख्खा खडेरीग्रस्त घोषणा गर्न माग भइरहेको छ । हामीलाई दिन प्रतिदिन खाद्यसंकट हुँदैछ भने दैनिक खाद्यान्नमा भारतले चामल निकासीमा रोक लगाएसँगै यहाँ महँगीको पीडा र मनोवैज्ञानिक त्रास थपिएको छ । पछिल्लो समय भू संरक्षण नीति २०७५ सञ्चालनमा छ, तर भूमि गल्ने क्रम रोकिएको छैन, विपत्तिकै कारण देखाएर वर्षौंको प्रतिच्छापछि आउन थालेको मेलम्ची पनि रोकिएको छ र काठमाडौंमा खानेपानीको अभाव छ ।

भू सरंक्षण नीति २०७५ पछिको पाँच वर्षको विपत्ति तथ्यांक हेर्दा जो कोहीलाई आङ्ग सिरिङ्ग गर्छ । गृह मन्त्रालयको तथ्यांकमै विगत पाँच वर्षमा कूल २१ हजार ३२७ यस्ता घटना घटेका छन् भने दुई हजार ८०६ जनाको ज्यान गएको छ र ३५९ जना बेपत्ता भएका छन् । यो अवधिमा १६ अर्ब २५ करोड बराबरको क्षति छ भने वर्षेनी औसत बाढी, पहिरोको विपत्तिबाट ६३० जनाको ज्यान जाने गरेको, औसत वार्षिक तीन अर्ब २५ करोडको धनमाल नोक्सान हुने गरेको देखिन्छ । २०७६ सालमा यस्तो चार हजार ७६ घटना घट्दा ४०७ को मृत्यु, ४० जना बेपत्ता र चार अर्ब ४१ करोडको क्षति भनिएको छ । त्यस्तै, २०७७ मा चार हजार १५८ यस्ता घटना घट्दा ५९३ को मृत्यु, १०२ बेपत्ता, दुई अर्ब दुई करोडको क्षति भएको तथ्यांक छ । ०७८ सालमा यस्तो विपत्को तीन हजार ९१५ घटना घटेको र ५०८ को मृत्यु, ७६ बेपत्ता, दुई अर्ब ६१ करोडको क्षतिको विवरण छ । २०७९ सालमा चार हजार ५५६ यस्ता घटनाबाट ८४४ को मृत्यु, ३७ बेपत्ता, दुई अर्ब ८६ करोडको क्षति अनि चार हजार पशु चौपाया मरेका भनिएको छ । ०८० सालमा वर्षा ढिलो भएको र पनि श्रावणको भूसंरक्षण दिवस श्रावण २४ पंक्ति तयार गरिरहँदासम्म दुई हजार २७३ वटा यस्ता घटनाहरु घटिसकेका र यसबाट एक अर्ब बराबरको धनमालको नोक्सान, १२० जनाको मृत्यु भइसकेको र २७ जना बेपत्ता भएको तथ्याँक सार्वजनिक भइसकेको अवस्था रहेको छ । नेपाल जलवायु परिवर्तनको दृष्टिमा विश्वकै चौथो देश, भूकम्पीय जोखिममा ११औं र बाढी पहिरोको जोखिममा ३०औं क्रममा पर्ने गरेको छ ।

